मिति २०७३\१२\०९ मा शिक्षा मन्त्रालय ( मा. मन्त्री) बाट स्वीकृत

# आधारभूत तह (कक्षा १-५) मा बढी वा घटी भएका शिक्षक दरबन्दीलाई आधारभूत तह (कक्षा ६-८) मा समायोजन र माध्यमिक तहमा दरवन्दी मिलान तथा थप गर्ने सम्बन्धमा दरबन्दी मिलान तथा समायोजनका आधारहरू

## १. शिक्षक दरबन्दी मिलान गर्दा जिल्ला शिक्षा कार्यालयले अवलम्बन गर्ने आधारहरू :

१.१ शै.स.२०७३ को IEMIS का आधारमा सत्यापन गर्दा आएको विवरण बमोजिम कक्षागत विद्यार्थी सङ्ख्यालाई प्रयोग गर्ने ।

१.२ विद्यालयमा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी/अस्थायी सट्टा शिक्षक र अनुदान (राहत) मा कार्यरत शिक्षकहरूको सङ्ख्यात्मक विवरण तयार गर्ने ।

१.३ अवधि तोकी काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलबभत्ता पाउँदछन् सोहीविद्यालयको शिक्षकमा गणना गर्ने र अवधि नतोकेकोमा दरवन्दी जुन विद्यालयमा रहेकोछ सोही विद्यालयमा गणना गर्ने ।

१.४ न्यूनतम विद्यार्थी सङ्ख्या कायम गर्दा शिक्षा नियमावलीअनुसार तोकिएको विद्यार्थी सङ्ख्याको हिमाली क्षेत्रमा न्यूनतम २० प्रतिशत पहाडी जिल्लामा न्यूनतम ३० प्रतिशतर तराई तथा उपत्यकामा न्यूनतम ४० प्रतिशत विद्यार्थी हुनु पर्ने । त्यसभन्दा कम विद्यार्थी सङ्ख्या भएमा त्यस्ता विद्यालयहरूलाई एकीकरण/समायोजन तथा कक्षा/तह घटाउनका लागि विद्यालय समायोजन निर्देशिका अनुसार गर्ने ।

१.५ एउटै शिक्षकले एकै पटक एउटा भन्दा बढी कक्षा पढाउनु पर्ने अवस्थामा शिक्षानियमावलीले तोके बमोजिम सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया हुनुपर्ने विद्यार्थी सङ्ख्याको माथिल्लो मापदण्ड (५०जना) को पचास प्रतिशत अर्थात२५ जना भन्दा बढी विद्यार्थी राखेर बहुकक्षा शिक्षण नगर्ने ।

१.६ एउटै कक्षामा विद्यार्थी सङ्ख्या बढी भई वर्ग (सेक्सन) खोल्नु पर्ने अवस्थामातोकिएको मापदण्ड बमोजिमको विद्यार्थी सङ्ख्याको चालिस प्रतिशत भन्दा बढीविद्यार्थी अर्थात हिमालमा ५६, पहाडमा ६३ र तराई/उपत्यकामा ७० जना भन्दा बढीविद्यार्थी भएमा वर्ग (सेक्सन) को व्यवस्था गरी प्रति सेक्सन १ शिक्षक दरवन्दी थप गरीगणना गर्न सकिने ।

**२. विद्यालयगत एवम् तहगत शिक्षक विद्यार्थी अनुपात निकाल्ने ।**

**३. विद्यालयगत एवम् तहगत रूपमा आवश्यक शिक्षक व्यवस्था गर्दा लिइने आधारहरू :**

३.१ कक्षा १-३ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा

३.१.१ विद्यालयमा २० जना भन्दा न्यूनतम विद्यार्थी सङ्ख्या भएमा १ ओटा दरबन्दीकायम गर्ने ।

३.१.२ विद्यार्थी संख्या २१ देखि ५० जनासम्म भएमा २ ओटासम्म दरबन्दी(स्वीकृत/राहत) कायम गर्ने ।

३.१.३ विद्यालयमा ५१ वा सो भन्दा बढी विद्यार्थी भएमा ३ ओटा दरबन्दी कायमगर्ने, तर तराई/उपत्यकामा १५०, पहाडमा १३५ र हिमालमा १२० जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी प्रदान नगर्ने । सो भन्दा माथि विद्यार्थी संख्या भएमा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावलीअनुसार कायमगर्ने ।

**३.२ कक्षा १-५ सञ्चालन भएका सामुदायिक विद्यालय (तह) को सम्बन्धमा :**

३.२.१ विद्यालयमा ३० जना भन्दा न्यून विद्यार्थी भएमा २ ओटासम्मदरवन्दी ( स्वीकृत/राहत कोटा) कायम गर्ने ।

३.२.२ न्यूनतम् विद्यार्थी संख्या ३१ देखि ८० जनासम्म भएमा ३ वटासम्म दरबन्दी (स्वीकृत/राहत कोटा) कायम गर्ने ।

३.२.३ विद्यार्थी सङ्ख्या ८१ देखि १२५ जनासम्म भएमा ४ वटासम्म शिक्षक दरवन्दी( स्वीकृत/राहत कोटा) कायम गर्ने ।

३.२.४ विद्यालयमा विद्यार्थी सङ्ख्या १२६ जना वा सो भन्दा बढी भएमा ५शिक्षक दरबन्दी कायम गर्ने, तर तराई/उपत्यकामा २५० जना, पहाडमा२२५ जना र हिमालमा २०० जनाभन्दा बढी विद्यार्थी नपुगेसम्म त्यस्ताविद्यालयमा ५ जना भन्दा बढी शिक्षक हुने गरी थप दरबन्दी वा शिक्षक अनुदानप्रदान नगर्ने । सो भन्दा माथि विद्यार्थी संख्या भएमा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावलीअनुसार कायम गर्ने ।

३.२.५ शिक्षक दरबन्दी थपघट हुँदा आधारभूत तह (कक्षा १-५) मा शिक्षा नियमावली अनुसार महिला शिक्षकको दरबन्दीमा महिला शिक्षक व्यवस्थापन समेतगर्ने गरी दरबन्दी मिलान गर्ने ।

**३.३ आधारभूत तह (कक्षा ६-८) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा :**

३.३.१ विद्यालयमा कक्षा (६-८)सञ्चालन भई विद्यार्थी ५०जनासम्म भएमा न्यूनतम ३ ओटा र ५० भन्दा बढी विद्यार्थी भएमा न्यूनतम ४ (अंग्रेजी-१,गणित/विज्ञान-१, नेपाली-१, सामाजिक-१ गरी ४) ओटासम्म आधारभूत तह (कक्षा ६-८) को शिक्षक दरवन्दी कायम गर्ने ।

३.३.२ शिक्षक थप वा घट गर्नु पर्दा विद्यार्थी संख्या तथा विषयगत मिलान हुने गरी शिक्षा नियमावलीअनुसार कायम गर्ने ।

**३.४ माध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा :**

३.४.१ कक्षा (९-१०) सञ्चालन भएका विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा ४ शिक्षक दरवन्दी र ५० जनाभन्दा बढी विद्यार्थी भएमा न्यूनतम ५ (अंग्रेजी-१, विज्ञान-१ गणित-१, नेपाली-१, सामाजिक-१ गरी ५) ओटासम्ममाध्यमिक तहको शिक्षक दरवन्दी (दरवन्दी/राहत) कायम गर्ने ।

३.४.२ शिक्षक थप वा घट गर्नु पर्दा विद्यार्थी संख्या तथा विषयगत मिलान हुने गरीशिक्षा नियमावलीअनुसार कायम गर्ने ।

**३.५ माध्यमिक तह (कक्षा ११-१२) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा :**

३.५.१ माध्यमिक (कक्षा ११-१२) का लागि शिक्षक दरवन्दी मिलान तथा समायोजन “सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ ( संशोधन सहित) अनुसार जिल्लामा उपलब्ध दरबन्दी तथा अनुदान कोटाको आधारमा गर्ने ।

**४. दरवन्दी मिलान पछि गर्ने शिक्षक व्यवस्थापन सम्बन्धमा :**

४.१ भौगोलिक विकटताको कारणबाट कठिन ठाउँमा रहेको र एकीकरण (Merge)गर्न नसकिने विद्यालयहरूमा आवश्यकताअनुसार बहुकक्षा शिक्षण (Multi gradeteaching) पद्धति बमोजिम शिक्षण गराउने व्यवस्था मिलाउने ।

४.२ उपर्युक्त बमोजिम दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक अनुदानकोटा (राहत) वा दरबन्दीलाई जिल्ला शिक्षा समितिको पुल दरबन्दीमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउँदा सबै भन्दा बढीविद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिई शिक्षक कमी भएका विद्यालयहरूमाखटाउने ।

४.३ शिक्षक दरबन्दी कटौती गर्दा सर्वप्रथम शिक्षक अनुदान (राहत) कोटामा रहेका कनिष्टतमशिक्षकको दरबन्दीलाई जिल्ला शिक्षा समितिको पुल दरबन्दी कायम गरी मिलान गर्ने।

४.४ विद्यालयमा नियुक्तिको कनिष्टताको आधारमा अस्थायी र त्यसपछि स्थायीशिक्षकको दरबन्दी कटौती गरी पुल दरबन्दी कायम गर्ने ।

४.५ विद्यार्थी सङ्ख्या कम र शिक्षक सङ्ख्या बढी भएका कुनै विद्यालयमा दरवन्दी रिक्तभएको अवस्थामा त्यस्तो दरवन्दीमा नियुक्ति र सरुवा भई आउनका लागि अनुमति नदिई जिल्ला शिक्षा समितिको पुल दरवन्दीमा राखी दरवन्दी मिलानपश्चात् थप गर्नुपर्ने विद्यालयमा मिलान तथा समायोजन गर्ने ।

४.६ सर्वप्रथम सम्बन्धित गाउँपालिका र समीपवर्ती गाउँपालिका एवं नगरपालिकाविद्यालयमा स्थानको उपलब्धता र शिक्षकहरूको जेष्ठताको आधारमा रोजिएकोविद्यालयमा खटाउने र स्नातकोत्तर उर्तीण शिक्षकलाई सकेसम्म मा.वि. (कक्षा९-१२) सञ्चालित विद्यालयमा पठाउने व्यवस्था गर्ने ।

४.७अपाङ्ग शिक्षकको हकमा अपाङ्गताको प्रकृति हेरी विद्यालयबाट कोटा कट्टी हुँदानिजहरूले चाहेको शिक्षक विद्यार्थी अनुपात (STR) बढीभएका विद्यालयमा खटाउनेव्यवस्था गर्ने ।

४.८ अपाङ्गता भएका बालबालिकाहरूका लागि स्रोतकक्षा सञ्चालित विद्यालयका स्रोतशिक्षकको सम्बन्धमा विशेष शिक्षा सञ्चालन निर्देशिका, २०६२ बमोजिम हुनेसाथै दरबन्दी मिलान गर्ने क्रममा ज्यादै न्यून विद्यार्थी सङ्ख्या भएका रभौगोलिक समीपमा रहेका विद्यालय/स्रोतकक्षाहरूलाई एकीकरण गर्न(Merging) प्रोत्साहन गर्ने । यसरी एकीकरण भएका दुवै विद्यालयकाशिक्षकहरूलाई एकीकृत विद्यालयमा राख्ने र शिक्षक विद्यार्थी अनुपातका आधारमा दरबन्दी थप हुने विद्यालयमा माथि उल्लेख भए बमोजिम व्यवस्थापन गर्ने ।

४.९ दरबन्दी मिलान गरी कमी वा बढी हुने शिक्षकहरूको विद्यालयगत दरवन्दी विवरणएकीन तथा तयारीका साथै जिल्लागत समष्टिगत विवरण तयार गर्ने ।

४.१० दरबन्दी मिलान तथा समायोजनको कार्य गर्दा आधारभूत तह (कक्षा १-५) मा अधिक हुन आउने शिक्षक दरवन्दीलाई तत्काल जिल्ला शिक्षा समितिको पुल दरबन्दीमा ल्याउने र उक्त दरवन्दीमध्येबाट आधारभूत तह (कक्षा ६-८) मा समायोजनकालागि आवश्यक दरबन्दी सङ्ख्या प्रस्ताव गर्ने । यसरी समायोजन गर्दा समेत आधारभूत तह (कक्षा १-५) को दरबन्दी अधिक हुन गएमा त्यस्तो शिक्षक दरवन्दीलाई शिक्षक दरवन्दीमिलानको विवरण सहित शिक्षा विभागको पुलमा रहने गरी पठाउने ।

४.११ कुनै जिल्लाको आधारभूत तहमा बढी हुन आएका/पुलमा राखिएका शिक्षकदरबन्दी शिक्षा विभागले आवश्यकतानुसार दरबन्दी नपुग भएका जिल्लाहरूमामिलान एवम् समायोजन गर्ने ।